म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ५९ शुक्रबार ११ असोज २०८१ ने. सं. ११४४ ञलागा 27 September 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## स्वास्थ्यमन्त्रीद्वारा हेटौंडा आँखा अस्पताल निरीक्षण

हेटौंडा, १० असोज/बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापामगरद्वारा हेटौडा सामुदायिक आँखा अस्पताल निरीक्षण भएको छ । हेटौडा सामुदायिक आँखा अस्तपातलले प्रदान गर्दै आएको सेवाहरु र आगमी योजनाको बारेमा मन्त्री थापाले चासो राखेका थिए । बागमती प्रदेशभित्र प्रभावकारी आँखा स्वास्थ्य सेवा पुऱ्याउनको लागि आफू लागिरहेको यसको लागि तिलगंगा आँखा प्रतिष्ठानसँग सहकार्य गर्ने कार्यक्रम रहेको बताए । पूर्वयातायात एवम् खानेपानी मन्त्री एकलाल श्रेष्ठले हेटौंडा सामुदायिक आँखा अस्पताल यस क्षेत्रको महत्वपूर्ण उपलब्धी भएकोले यसको सहयोगको लागि सबैले निस्वार्थ भएर सहकार्य गर्नुपर्ने बताए । बरिष्ठ नेत्ररोग विशेषज्ञ मोहीनी श्रेष्ठ र व्यवस्थापक सुधीर श्रेष्ठले अस्पतालको गतिविधिबारेमा जानकारी गराएका थिए । अस्तपाल भ्रमणपश्चात तिलगंगा आँखा प्रतिष्ठानको बसामाडीमा निर्माणाधीन फ्रेडहोलोस ईन्ट्राअकुलर लेन्स लेब्रोटोरीजको पनि मन्त्री थापामगर एवम् पूर्वमन्त्री श्रेष्ठले अवलोकन गरेका थिए ।

# बागमतीका भौतिकमन्त्री र सचिवबीच कार्यसम्पादन सम्झौता

साझाकुरा संवाददाता

हेटौंडा, १० असोज/ आर्थिक वर्ष सुरु भएको करिब अढाई महिनामा बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री र सचिवबीच कार्यसम्पादन करार सम्झौता भएको छ । बागमती प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयको कार्यक्षेत्र समेतका आधारमा आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रमको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउने उद्देश्यले संझौता गरिएको हो ।



मन्त्री र सचिवबीच कार्यसम्पादन करार भएपछि मन्त्रालयका बिभिन्न निर्देशनालय, शाखा मातहतका अधिकारीहरुसँग पनि सोही अनुसार करार गरिने भएको छ । नतिजामूलक तथा नागरिकमैत्री बनाउन प्रदेश सुशासन ऐन, २०७७ को दफा १९ र प्रदेश सुशासन नियमावली, २०७७ को नियम ९ को उपनियम (१) बमोजिम मन्त्री अमनकुमार मास्के र भौतिक पूर्वाधार विकास सचिव अमृत श्रेष्ठ बीच कार्यसम्पादन करार सम्पन्न भएको छ । कार्यसम्पादन करारमा बिभिन्न शर्तहरु राखिएका छन् । यो करारको चालु आर्थिक वर्षको असार मसान्तसम्म रहनेछ ।

कार्यसम्पादनका लागि प्रचलित कानून, स्वीकृत वार्षिक बजेट, संरचना र जनशक्ति रहनेछ । वजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि आश्विन मसान्तसम्म तयार गर्नुपर्नेछ । खरिदप्रक्रिया र बोलपत्रसम्बन्धी कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयबाट भएको अख्तियारी तथा मार्गदर्शन बमोजिम गर्नु पर्नेछ । यो करारमा उल्लेख भएदेखि बाहेक नवप्रवर्द्धनात्मक र नियमित कार्यहरु गर्न सकिनेछ ।

कार्यसम्पादनको लागि आवश्यक सहजीकरण र अन्तर निकाय समन्वयको लागि जिम्मेवारी दिने पदाधिकारीले सहजीकरण गर्नुपर्नेछ । यो करारको अवधि समाप्त नहुँदै कार्यसम्पादन गर्ने र गराउने सार्वजनिक पदाधिकारी आफू पदमा बहाल नरहेमा जिम्मेवारी प्राप्त गर्ने नयाँ पदाधिकारीले सम्पादन गर्नुपर्नेछ ।

बागमती प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० बमोजिम मन्त्रालयलाई तोकिएका कार्यजिम्मेवारीहरु तथा वार्षिकरुपमा नीति तथा कार्यक्रम र बजेट अन्तर्गत गर्नुपर्ने कामहरु मन्त्रालयले कार्ययोजना बनाई मातहतका पदाधिकारीसँग सुशासन ऐन र नियमावली बमोजिम कार्यसम्पादन करार गरी कार्यान्वयन गर्नुपर्नेछ । प्रदेश सुशासन ऐन, २०७७ र नियमावली, २०७७ बमोजिमको प्रगति प्रतिवेदन नियमित रुपमा तोकिएको पदाधिकारी र कार्यालयमा पेश गर्नुपर्नेछ ।

करिब एक महिना अघि बागमती प्रदेशमा मुख्यमन्त्री बहादुर सिं लामाले १२ जना मन्त्री र प्रदेशका प्रमुखसचिवसँग कार्यसम्पादन करार सम्झौता गरेका थिए । प्रदेश सुशासन ऐनको दफा १९ बमोजिम सुशासन कायम गर्न र सरकारका काम कारबाही प्रभावकारी बनाउन कार्यसम्पादन करार सम्झौता गरिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले बताएको थियो । तर, सम्झौताअनुसारको सुशासन कायम भए/नभएको र सरकारको काम कारबाहीको प्रभावकारिताबारे सार्वजनिकरुपमा कुनै अध्ययन र अनुसन्धान भएको हालसम्म सार्वजनिक भएको पाईंदैन ।

कार्यसम्पादन करार सम्झौतालाई सरकारका नेतृत्वले परामपरागत कार्यशैलीको रुपमा कर्मकाण्डी मात्रै बनाउँदै आएको सरकारी अधिकारीहरु बताउँछन् । सम्झौताको प्रभावकारिताबारे सरकार आफैं गम्भीर नभएको विगतका घटनाले नै देखाउँछ । नेतृत्वसँग सम्झौता गर्ने र सम्झौताको मूल्यांकन नगरी त्यसलाई वेवास्ता गर्ने परिपाटी विगतमा भएका छन् । मुख्यमन्त्री लामाले चालु आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रमलाई प्रभावकारी बनाएर समयमै काम सम्पन्न गर्न करार सम्झौता उपयोगी हुने विश्वास व्यक्त गरेका थिए । तर, सरकारको कार्यक्रम कार्यान्वयनको अवस्था २०७५ देखि एउटै लयमा चलिरहेको छ ।

प्रत्येक आर्थिक वर्षको बजेट खर्चको अनुपात र विकास बजेटको खर्चले सरकारको काम कारबाही कमजोर रहेको देखाउँदै आएको छ । बागमतीमा विगतका वर्षदेखि नै कर्मचारी, पदाधिकारीको तलब, भत्तामा धेरै र विकास बजेटमा थोरै खर्च हुँदै आएको छ । बागमती प्रदेशसभाका सभामुख, उपसभामुख सहित १ सय १० सांसद र तिनका स्वकीयहरुको बजेट खर्च र कानुन निर्माणको अवस्थाले प्रदेश सरकारमाथि बारम्बार प्रश्न उठ्ने गरेका छन् ।

# गाँजा तस्करीका आरोपित प्रहरी हवल्दारसहित तीनजना पुगे कारागार

साझाकुरा संवाददाता

हेटौंडा, १० असोज/ लागूऔषध कारोबार गरेको आरोपमा जिल्ला अदालत मकवानपुरले प्रहरी हवल्दारसहित तीनजनालाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको छ ।

जिल्ला न्यायाधीश अवनी मैनाली भट्टराईको बिहीबार बसेको इजलासले गाँजा ओसारपसार गरेको आरोपमा चितवन राप्ती नगरपालिका-१ परेवाकोटका २० वर्षीय धनबहादुर स्याङ्तान, वडा नम्बर २ का ३६ वर्षीय सुनिल मोक्तान र तनहुँ घरभई चितवनमा कार्यरत प्रहरी हवल्दार ३८ वर्षीय निमबहादुर गुरुङलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको हो । हवल्दार गुरुङ ईलाका प्रहरी कार्यालय भण्डारा चितवनमा कार्यरत थिए ।

तीनै जनालाई भीमफेदी कारागार पठाइसकेको छ । गुरुङ पक्राउ पर्नेवित्तिकै निलम्बित भइसकेका छन् । २०८१ असार १२ गते हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटे प्रहरीचौकीका प्रहरीले हेटौंडाबाट पथलैयातर्फ गइरहेको ना ५ ख १११८ नम्बरको डिब्बा गाडी




रोकेर जाँच गर्दा १ सय ६२ केजी गाँजा फेला पारेको थियो ।

गाडीमा फलसवटम बनाएर १६ वटा प्लास्टिकको पाकेटमा गाँजा प्याक गरी लुकाएर ल्याएका थिए । प्रहरीले गाँजासहित गाडी चालक धनबहादुर र सुनिललाई पक्राउ गरेको थियो । उनीहरुको बयानअनुसार हवल्दार गुरुङलाई प्रहरीले पक्राउ गरेको थियो ।

## आकर्षक जग्ग बिक्रीमा

हेटौंडा-११ स्थित सुन्दर बस्ती डाङडुङ्गेमा रहेको बजारबाट २ कि.मि. मात्र दुरी भएको, होटल हेटौंडा हाइटबाट १०० मि. पछाडि २ कठ्ठा १५ धुर क्षेत्रफल भएको आकर्षक जग्गा बिक्रीमा भएको हुँदा इच्छुकले तु.सम्पर्क गर्नुहोस् ।

**सम्पर्क नं. ९८४५४६१०३४**

## एसियन पेन्ट्स् (नेपाल) प्रा.लि को जग्गा बिक्री को लागी खरिद गर्न ईच्छुक ब्यक्ति/फर्म वा कम्पनिहरूको बोलपत्र आब्हान सम्बन्धि सूचना ।।।

यस एशियन पेन्ट्स नेपाल प्रा.लि ("कम्पनी") ") कोस्वामित्वमा रहेको तपशील बमोजिमको बाउण्डरी वाल सहितको जग्गा/जमिन, कम्पनीको श्रम सम्बन्ध समितिले तोकेको दर,रेट,न्युनतम् मुल्य नघट्ने गरि बोलपत्रमा मञ्जुर गरेको मुल्यमा तपशीलमा तोकेको मापदण्ड भित्र रहि उक्त जग्गा जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा खरिद गर्न तपशिलमा लेखिएका सम्पुर्ण शर्तहरू पालना गरि प्रचलित प्रकृया अनुसार खरिद गर्न ईच्छुक ब्यक्ति/फर्म वा कम्पनीले तपशिलमा उल्लेखित कागजात सहित आफुले कवोल गरेको जमिनको मुल्य विवरण प्रस्तावमा उल्लेख गरि सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कम्पनीको ठेगाना (पो.ब.नं ३७, एशियन पेन्ट्स नेपाल प्रा.ली हेटौंडा औद्योगिक क्षेत्र, हे.उ.म.न.पा ८) शिलबन्दि खामको बाहिरी भागमा प्रयोजन समेत खुलाई आशय पत्र दर्ता गर्न गराउनुहुन सुचित गरिन्छ ।

**(क) जग्गाको विवरण:**

(१) **जग्गाको ठेगाना:** मकवानपुर जिल्ला,साबिक रातोमाटे ५,हाल हेटौंडा उपमहानगरपालिका वडा नं १५ ।

(२) **जग्गा क्षेत्रफल:** ज.बि. २-५-०-० (४५ कठ्ठा)

(३) **जग्गा कित्ता नं:** २१७९, २१८१, २३७०, २३७१, २३७२, २३७३, २३७५,२३७६, २३७७, २३७८, २६०१, २६०३

**(ख) कम्पनीको श्रम सम्बन्ध समितिले तोकेको जमिनको न्युनतम् मुल्य: रू.१२००००००/–(अक्षेरूपी बाह्र करोड रूपैंया मात्र ।)**

**(ग) कम्पनीको श्रम सम्बन्ध समितिले तोकेको शर्तहरू:**

१) ईच्छुक ब्यक्ति/फर्म वा कम्पनीले आफ्नो परिचय खुल्ने कागजात (ब्यक्तिको हकमा ना.प्र.प को प्रतिलिपि, कम्पनी वा फर्मको हकमा सम्बन्धित फर्म वा कम्पनी प्रोफाईलको पछिल्लो प्रवन्धपत्र र नियमावली, प्यान र भ्याट दर्ता प्रमाण पत्र र नबिकरण भएको कागजात सहित नक्कल कागजात को प्रत्येक पानाको पछाडी आधिकारीक हस्ताक्षर र छाप अनिबार्य गरि आशय-पत्रसाथ पेश गर्नुपर्नेछ ।

२) कम्पनीको श्रम सम्बन्ध समितिले तय गरेको मूल्यमा नघट्ने गरि ईच्छुक ब्यक्ति/फर्म वा कम्पनीहरूले कबोल गरेको मुल्यको आधारमा अधिकतम मूल्य कबोल गर्ने ब्यक्ति/फर्म वा कम्पनीलाई श्रम सम्बन्ध समितिको बैठकमा अनुमोदनको लागि पेश गरिनेछ ।

३) शर्त नं २ अनुसार खरिद गर्न ईच्छुक ब्यक्ति/फर्म वा कम्पनीले कबोल गरेको रकमको १५ प्रतिशत रकम कम्पनीको आबास कोषको खाता (ASIAN PAINTS N.P.L.E.H.FD-Nabil Bank Hetauda को खाता नं 02301017502926)मा जम्मा गरि Bank Deposit Voucher वा Unconditional Irrevocable Bank Guarantee and Payable on Demand वा Good for Payment आशय पत्रसाथ दाखिला गरि श्रम सम्बन्ध समितिको बैठकबाट तोकिए अनुसारको प्रकृया पुरा गर्नु पर्नेछ ।

४) यसरी दाखिला गरिएको रकम सम्पुर्ण छनौट प्रक्रिया पुरा नभएसम्म धरौटि कायम रहने छ । सो रकम बोलपत्र छनौट प्रक्रिया पुरा भएसम्म जम्मा गरी राख्नुपर्ने छ र यदी छनौट प्रक्रियामा संलग्न ब्यक्ति/फर्म वा कम्पनीहरू छनौटमा नपरेमा मात्र उक्त रकम फिर्ता हुनेछ । छनौट नभएका आशय पत्रहरूको आधारमा सम्बन्धित ब्यक्ति/फर्म वा कम्पनीहरूको रकम तोकिएको बैंक खाता वा प्रतिनिधिलाई चेक मार्फत फिर्ता गरिनेछ ।

५) बोलपत्रमा कम्तिमा पनि तीन वटा ब्यक्ति/फर्म वा कम्पनीहरूको अनिवार्य सहभागिता हुनुपर्ने छ । यदि तीन भन्दा कम बोलपत्र आएमा, प्रकृया अघि बढ्ने वा नबढ्ने सम्बन्धमा श्रम सम्बन्ध समितिले गर्ने निर्णय नै आधिकारिक हुनेछ । सो को जानकारी सम्बन्धित लाई दिईनेछ ।

६) एशियन पेन्ट्स (नेपाल) प्रा.लीमा सम्बद्ध कामदार तथा कर्मचारी वा आफ्नै वा नातेदार संलग्न कम्पनीहरूले बोलपत्र प्रक्रियामा सहभागी हुन पाउने छैनन् । जग्गा बिक्री/नामसारिको कुनै पनि चरणमा सो देखिएमा उक्त फर्म वा कम्पनीलाई स्वत बर्खास्त गरिनेछ ।

७) म्याद नाघि वा रित नपुगी, शर्त तोकी वा शर्त नपुगी प्राप्त भएका आशयपत्र उपर कुनै कारबाही गरिनेछैन । जुनसुकै शर्त तोकेको भएता पनि सूचना अनुसारका शर्तहरू मात्र मान्य हुनेछ । यस प्रक्रियामा कुनै विवाद श्रृजना भएमा कम्पनीको श्रम सम्बन्ध समितिको निर्णय अन्तिम हुनेछ ।

८) कम्पनीले नेपालको विद्यमान कानुनले तोकेको निर्दिष्ट प्रकृया पुरा गरी जग्गा बिक्री/नामसारी संग सम्बन्धित सम्पुर्ण कार्य गर्न सम्बन्धित मा.पो.का, नगरपालिका/वडा तथा अन्य सरकारी निकायमा गई सहजीकरण गरि हक हस्तान्तरण गरिदिनेछ । तोकिएको राजश्व,सरकारी दस्तुर र सो जमिनको बिक्रि अन्तर्गत लाग्ने अन्य शुल्क नियमानुसार कम्पनीले भुक्तान गरिदिनेछ । प्रचलित कानुन अनुसार जग्गाको थैली मूल्यको आधारमा जग्गा खरिद प्राबधान अनुसार खरिदकर्ताले बुझाउनुपर्ने रकम सम्बन्धित ब्यक्ति/फर्म वा कम्पनीले भुक्तानी गर्नुपर्नेछ ।

९) जग्गा खरिद गर्ने आशयपत्र पेश गरिसकेपछि श्रम सम्बन्ध समितिले तोकेको प्रकृयामा समाबेश भए पश्चात प्रकृयाको बिचमा छोडेमा वा आलटाल गरि १५ दिन भन्दा बढि समय कम्पनीको सम्पर्कमा नआएमा वा बोल कबोल स्विकृत भए पश्चात समय भित्र नामसारी गरि लिन नआएमा वा ईन्कार गरेमा श्रम सम्बन्ध समितिले सम्बन्धित ब्यक्ति/फर्म वा कम्पनीको खरिद नगर्ने नियतको ठहर गरी उक्त बैंक ग्यारेन्टि दाबी गरि श्रम सम्बन्ध समितिले जफत गर्नेछ । बोल कबोल स्विकृत भए पश्चात १ महिना भित्र जग्गा नामसारी दिनु लिनु गरिसक्नुपर्नेछ ।

१०) कम्पनीले उक्त जग्गा खरिद गर्न ईच्छुक ब्यक्ति/फर्म वा कम्पनीको निर्धारित लागत शुल्क जग्गा बिक्री बापतको सम्पुर्ण रकम कम्पनीको बैंक खातामा प्राप्त भए पछि वा Good For Payment को चेक प्राप्त भई सकेपछि वा जग्गा बिक्रिको अन्तिम फरफारक भए पछि नामसारी गरिदिनेछ ।

११) जग्गा खरिद गर्न इच्छुक ब्यक्ति/फर्म वा कम्पनीले एकमुस्ट जग्गा खरिद गर्नु पर्ने छ ।

१२) खरिद गर्न इच्छुक ब्यक्ति/फर्म वा कम्पनीले प्रचलित कानुन अनुसार बिगो,जरिवाना तथा निकायहरूमा तिर्नु बुझाउनु पर्ने अन्य कुनै कानुनी दायित्व प्रति कम्पनी जिम्बेवार हुनेछैन ।

**आशयपत्र आह्वानकर्ता**
श्रम सम्बन्ध समिति
एशियन पेन्ट्स नेपाल प्रा.लि
हे.औ.क्ष-हेटौंडा उप महानगरपालिका वडा नं ८
पो.ब.नं ३७

HetaudaCityCollege.edu.np

ADMISSION OPEN



" First IT College In Makwanpur "

BSc.CSIT | BCA | BBS

Register Now

HETAUDA CITY COLLEGE (Affiliated to T.U.)

Hetauda - 5, Piple, Makwanpur
9855077417, 9855067435, 9855069444
Hetaudacitycollege@gmail.com

साझाकुरा

## हाम्रो कुरा

# मनसुन सक्रिय, सतर्कता अपनाऔं

शुक्रबार र शनिबार रात्रिबस संचालन नगर्न र अति आवश्यक बाहेकमा यात्रा नगर्न सर्वसाधारणलाई सूचना गरिएको छ । जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले बिहीवारदेखि मनसुन सक्रिय हुने जनाउँदै मकवानपुर उच्चजोखिममा रहेको पूर्वानुमान गरेको छ । यो साता चर्को गर्मी पश्चात बुधबारदेखि वर्षा भएपछि सर्वसाधारणले राहतको महशुस गरेका छन् । आगामी आइतबारसम्म मनसुन सक्रिय हुने भएकाले मकवानपुरसहित ५६ जिल्लामा 'रेड अलर्ट' जारी गरिएको छ । मौसम पूर्वानुमान महाशाखाले विशेष बुलेटिन जारी गर्दै ५६ जिल्लामा सतर्कता अपनाउन आह्वान गरेको हो । बागमती प्रदेशको १२ जिल्लामा उच्चजोखिम रहेको जनाइएको छ । महाशाखाले दोलखालाई भने 'रेड अलर्ट' जारी गरेको छैन । मकवानपुरपछि क्रमश: चितवन, धादिङ, नुवाकोट, रसुवा, काठमाडौं भक्तपुर, ललितपुर काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली र रामेछापमा 'रेड अलर्ट' जारी गरिएको हो । जसमध्ये काठमाडौं र भक्तपुर बाहेकका सबै जिल्ला भौगोलिक रुपले विकटसँगै बाढी र पहिरोको जोखिम भएको जिल्ला हुन् ।

काठमाडौं र भक्तपुरमा भने बाढीको उच्चजोखिम रहेको छ । महाशाखाका मौसमविदले बंगालको खाडीबाट प्रवाह हुने जलवाष्पयुक्त हावा र त्यस क्षेत्रमा बनेको न्यून चापीय प्रणालीको प्रभावको कारण देशभर मनसुन सक्रिय भएको जानकारी दिएको छ । मनसुन सक्रिय भएपछि देशका अधिकांश स्थानमा मेघगर्जन/चट्यांकसहित वर्षा हुनेछ । वर्षाका कारण बाढी, पहिरो र भू-क्षयको जोखिम रहने सम्भावना छ । रातको समयमा पानी पर्ने सम्भावना बढी हुने गरेकाले सहरी र तराईक्षेत्रमा डुबानको जोखिम रहेको विभागको भनाइ छ । ठूला तथा साना नदीनाला र खोलामा पानीको सतह बढ्नसक्ने, दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन, नदी क्षेत्र आसपासका निर्माण कार्य, सडक तथा हवाई यातायात समेत प्रभावित हुन सक्ने भएकाले सतर्कता अपनाउन विभागले आग्रह गरेको छ । साथै तराई भूभागमा हावाहुरी समेत चल्ने सम्भावना छ । यसैगरी, मौसम पूर्वानुमान महाशाखाले कोशी प्रदेशको ११ जिल्ला, मधेसको तीन जिल्ला, गण्डकीको १० जिल्ला, लुम्बिनीको १२ जिल्ला, कर्णालीको ५ जिल्ला र सुदूरपश्चिमको ३ जिल्लामा उच्चजोखिम रहने जानकारी दिएको छ । बढी जिल्ला उच्चजोखिम भएको प्रदेश बागमती र लुम्बिनीका १२-१२ जिल्ला रहेका छन् । महाशाखाका अनुसार १९ जिल्ला मध्यम जोखिममा र हिमाली दुई जिल्ला (मुगु र हुम्ला) न्यून जोखिममा छन् । यो वर्षाले विषेशत: कृषिक्षेत्रमा प्रभाव पार्ने देखिएकाले कृषिकर्महरु सुरु गर्नुभन्दा अगावै अध्यावधिक मौसमको जानकारी तथा पूर्वानुमान नियमित हेर्न सबैलाई अनुरोध गरिएको छ । मौसमविदले सर्वसाधारणदेखि सबै सरोकार वालालाई उच्चसतर्कता तथा पूर्वतयारी अपनाउन अनुरोध गरेका छन् ।

२०७२ सालको भूकम्पपछि भएका सरकारी अध्ययनले मकवानपुरका १० स्थानीय तहका विभिन्न ३४ स्थान विपद्को उच्चजोखिममा रहेको देखाएको थियो । मकवानपुरले हरेक वर्ष बाढी, पहिरो, डुबान चट्याङलगायत प्राकृतिक जोखिम वहन गरिरहे पनि जोखिम न्यूनीकरणमा प्रभावकारी काम हुन सकेको छैन । मकवानपुरमा दुई हजार एक सय ६५ भन्दा धेरै घर प्राकृतिक प्रकोपको अतिजोखिममा रहेको २०७८ सालकै अध्ययनले देखाएको हो । तीमध्ये राक्सिराङ, कैलाश, इन्द्रसरोबर, भीमफेदीलगायतका स्थानीय तहमा करिब एक हजार तीन सय घर तत्काल स्थानान्तरण गर्नुपर्ने अवस्थामा थिए । उनीहरुको स्थानान्तरणको अवस्थाको तथ्यांक कुनैपनि पालिकासँग छैन । राक्सिराङ, कैलाश, इन्द्रसरोबर, भीमफेदी, बकैया र बागमती गाउँपालिका पहिरोको जोखिममा छन् । जसमध्ये राक्सिराङ र कैलाश गाउँपालिका पहिरोको उच्चजोखिममा छन् । हेटौंडा, मनहरी, बागमती गाउँपालिका बाढीको उच्चजोखिमयुक्त क्षेत्र हुन भने थाहा नगरपालिका, बकैया, भीमफेदी, इन्द्रसरोबर, मकवानपुरगढी, राक्सिराङ तथा कैलाश गाउँपालिका बाढी र पहिरो दुवैको जोखिम क्षेत्रको रुपमा रहेको छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छुतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असोज १२ गते शनिबार २८ सेप्टेम्बर २०२४ । एकादशी, आश्विन कृष्णपक्ष । ञलागा ११४४ ने.सं. । सूर्योदय ५:५५, सूर्यास्त ५:५१ । रेबिजविरुद्ध दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सामाजिक काममा रुचि बढ्नेछ | तुला | : प्रतिष्ठित काम गर्ने मौका छ |
| वृष | : यात्रामा कष्ट मिल्नेछ | वृश्चिक | : आत्म-विश्वास बढ्नेछ |
| मिथुन | : त्रासमय दिन हुनेछ | धनु | : विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ |
| कर्कट | : खानपिन राम्रो हुनेछ | मकर | : पारिवारिक जमघट हुनेछ |
| सिंह | : शरीरमा बाधा पुग्न सक्नेछ | कुम्भ | : स्वादिष्ट भोजनको आनन्द मिल्नेछ |
| कन्या | : मन पर्ने उपहार पाइने योग छ | मीन | : कामबाट फुर्सद मिल्नेछ |

# किन बन्न सकेन 'सहकारी समाज' ?



✍ रामचन्द्र उप्रेती

समाजमा भएका अनेकौं उतारचढावलाई नजिकबाट हेरिरहेका, अध्ययन गरिरहेका र समुन्नत समाजको चाहना गर्ने पूर्वजहरूले सहकारी समाजको परिकल्पना गरे । उन्नाइसौं शताब्दीमा युरोपमा यस्ता धेरै चिन्तकहरू थिए जसले समाजको दुरवस्थाको परिवर्तन गरेर नयाँ र उन्नत समाजको कल्पना गरे । भुइँ मानिसले पाएको दु:ख, अभावबाट कसरी मुक्ति खोज्ने भनेर उपाय निकाले । तिनैमध्येका एक थिए रोबर्ट ओवेन । उनले समाज परिवर्तनका लागि गरेका प्रयास सफल त भएनन् तर उनले लिएको विचार अनुसार 'रोजडेली इक्विटेवल पायोनियर सोसाइटी' गठन गरेर काम गर्नेहरूले सफलता पाउँदै गए । रोजडेलीहरूले गरेको पहिलो सफल अभ्यास नै सहकारी आन्दोलनको पहिलो सहकारीको रूपमा स्वीकार भयो । सन् १८४४ मा बेलायतको मेनचेस्टर शहरमा यो 'समाज' को सुरुआत भएको थियो ।

रोजडेलीहरू रोबर्ट ओवेनले चलाएको समाज सुधारको अभियानमा संलग्न थिए । त्यो अभियान सफल त भएन तर तयसबाट रोजडेलीहरूले धेरै कुरा सिके । सिकेका कुरालाई व्यवहारमा नियम बनाएर प्रयोग गरे । यिनै नियम र व्यवहारले उनीहरूलाई सफल बनाएको हुनाले पछि खुल्दै गएका सहकारीहरूले पनि रोजडेलीहरूले बनाएका नियमहरूको पालना गरे । नियममा विश्वास भएका र नियमको नियमित पालना गर्नेहरूलाई मात्रै सदस्य बनाउने गरे । सन् १८९५ मा यस्ता सहकारीहरूको अन्तर्राष्ट्रिय महासंघ बन्यो । यसले सहकारीमा अभ्यास गरिएका नियमहरूलाई सिद्धान्तको रूपमा स्वीकार गरियो । सहकारी समाजका लागि मूल्य र सिद्धान्त बने । महासंघले समय-समयमा सहकारीको परिभाषा, मूल्य र सिद्धान्तलाई विकास एवम् व्याख्या गर्दै गयो । यिनै परिभाषा, मूल्य र सिद्धान्तका आधारमा विश्वभरि सहकारी फैलँदै गयो । सहकारी समाज, सहकारी अर्थतन्त्र र सहकारी संस्कार निर्माण हुँदैगयो ।

नेपालमा विधिवत् रूपमा २०१० सालमा सहकारी विभागको गठन गरेर प्रवेश भए पनि पहिलो सहकारीको गठन २०१३ सालमा राप्तीका बाढी पीडितलाई सहयोग गर्न चितवनको राप्तीदुनमा पहिलो सहकारी गठन भयो । पहिलो पटक २०१६ सालमा सहकारी ऐन बन्यो । पञ्चायतकालमा सहकारीलाई पञ्चायत मातहतमा राखियो र प्रजातान्त्रिक नियन्त्रणको अभ्यास हुन रोकियो । यसको कारण भनेको सहकारीमा प्रजातन्त्रको अभ्यास हुँदा पञ्चायतले आफूलाई असुरक्षित ठान्यो । मैले थाहा पाएसम्म पञ्चायतकालभरि सहकारीका सात सिद्धान्त कहिल्यै पढाइएन ।

बहुदलीय व्यवस्थामा पहिलाको सहकारी ऐन खारेज गरेर सहकारी ऐन २०४८ बन्यो । ऐनले सहकारी समाज भनेन । सहकारी संघ-संस्था भन्यो । सहकारीका मूल्य र सिद्धान्तमा विश्वास भएका मात्रै सदस्य हुन्छन् वा सदस्य भएपछि बुझाइन्छ भन्ने कल्पना गरियो । जब सदस्यले सहकारीका मूल्य र सिद्धान्त बुझ्नेछन् तब सहकारी समाज निर्माण गर्न स्वयम्ले यी मूल्य एवम् सिद्धान्तको पालना गर्नेछन् । सहकारी समाज निर्माणका लागि सदस्यहरूले काम गर्नेछन् । गरेको कामको स्वमूल्याङ्कन र स्वनियमन गर्नेछन् भन्ने कल्पना गरियो ।

सहकारी समाज निर्माणका लागि सदस्यले यी आधार मूल्य-स्वावलम्बन, स्वउत्तर दायित्व, प्रजातन्त्र, समानता, न्याय र ऐक्यबद्धताको पालना गर्ने छन् । सदस्य र संस्था दुवैले पालना गर्ने नैतिक मूल्य-इमानदारी, खुलापन, सामाजिक उत्तरदायित्व र अरूको हेरचाहलाई स्वयम्ले नियमपूर्वक व्यवहारमा ल्याउने छन् भन्ने कल्पना गरियो । त्यसैगरी सहकारीका सिद्धान्तहरू पहिलो: ऐच्छिक तथा खुला सदस्यता, दोस्रो- सदस्यहरूको प्रजातान्त्रिक नियन्त्रण, तेस्रो- सदस्यहरूको आर्थिक सहभागिता, चौथो- स्वायत्तता र स्वतन्त्रता, पाँचौं- शिक्षा, तालिम र सूचना, छैटौं- सहकारी-सहकारी बीचको सहयोग र सातौं- समुदाय प्रतिको चासो । यी सिद्धान्तको नियमपूर्वक पालना हुनुपर्ने हो ।

सहकारी समाज निर्माण गर्न सहकारीका मूल्य र सिद्धान्तको नियमपूर्वक र नियमित अभ्यास हुन जरूरी छ । यसका लागि सबैभन्दा पहिला सहकारीका मूल्य र सिद्धान्त बुझेका र यसलाई आत्मसात् गर्ने, व्यवहारमा उतार्न प्रतिबद्ध मानिसहरू सहकारीको नेतृत्वमा हुन जरूरी छ । सहकारीको स्थापना सहकारी समाजको निर्माणका लागि गरिन्छ । अंग्रेजीमा 'को-अपरेटिभ सोसाइटी' भनिने यसको अर्थ नेपालीमा सहकारी समाज हुन्छ । तर नेपालमा सहकारी समाज नभनेकाले यसलाई पूर्ण अर्थमा बुझिएन कि जस्तो लाग्छ ।

सहकारी समाज निर्माण गर्न अगुवाइ गर्ने अगुवाले सहकारी समाजको भाव, आदर्श, मूल्य, सिद्धान्त राम्ररी बुझेको र अरूलाई बुझाउन सक्ने हुनुपर्छ । जसरी कुनै धर्मको अगुवाइ गर्नेले त्यो धर्म र विशेषता राम्ररी बुझेको र व्याख्या गर्न सक्ने हुनुपर्छ । त्यति मात्रै होइन अगुवाको आचरण अनुयायीका लागि स्वीकार्य हुनुपर्छ । हिन्दु धर्ममा व्यासासनमा बसेर प्रवचन गर्ने पण्डित, गुरु, आचार्यसँग कस्तो ज्ञान, आचरण र व्यवहारको अपेक्षा गरिन्छ ? उनले घुँडा फट्याएको जिन्सको पेन्ट र टिसर्ट लगाएर पुराणको आसनमा बसे, बेलुका मासु सहितको मदिरा सेवन गरे भने के हुन्छ ?

यस्तै अरू धर्ममा पनि धर्मका अगुवाहरूसँग निश्चित आचरण र नियम पालना भएको अपेक्षा अनुयायीहरूले गर्छन् । तब मात्रै अनुयायीमा पनि यो आचरणको केही भाग अपेक्षा हुन्छ । त्यस्तै समाज र राज्यका विभिन्न जिम्मेवारीमा बसेका मानिसमा पनि यो अपेक्षा समाजको हुन्छ । राज्यको हुन्छ । शिक्षक, प्रहरी, सरकारी कर्मचारी, न्यायाधीश, प्राध्यापक, डाक्टर, इन्जिनियर, नेता आदि आदिसँग पनि पदीय मर्यादा अनुरूपको ज्ञान, आचरण, व्यवहारको अपेक्षा हुन्छ । एउटै विश्वविद्यालयमा हुन्छन् भनेर विद्यार्थी र प्राध्यापकको आचरण एवम् व्यवहार एकै खालको हुन सक्दैन । दुवै पक्षका लागि अदालत कर्मथलो हो तर न्यायाधीश र वकिलको भूमिका उस्तै हुन्छ भनेर अपेक्षा गरिँदैन । सहकारी समाज भनेको स्वावलम्बी, स्वाभिमानी, आत्मनिर्भर, पार स्परिकता, सहयोगी, सहकार्य, समता आदि विशेषता भएको हुन्छ । यी विशेषता प्राप्तिका लागि सहकारीको मूल्य र सिद्धान्तको नियमपूर्वक र नियमित अभ्यास निरन्तर गरिरहनुपर्छ । तब मात्रै सहकारी समाजको लक्ष्य पछ्याउन सकिन्छ ।

नेपाली समाजको हकमा के भयो ? नेपालमा सहकारी ऐन बन्यो । सहकारी खोल्न पाइने भयो, खोलियो । तर, न सहकारीका मूल्यको ख्याल गरियो न सिद्धान्तको । जब मूल्य र सिद्धान्तको बारेमा सहकारी अभियानमा लागेका मानिस बेखबर भए तब सहकारी समाजको कुरा नै हरायो । सहकारीका आचरण, व्यवहार, दर्शन, आदर्श सबै खुइलिए, हराए अनि छोपिए । त्यसपछि के भयो ? सहकारीमा दुई खालका मानिसको प्रवेश भयो । एक खालका मानिस सहकारीको माध्यमबाट सदस्य र समुदायको आवश्यकता पूरा गर्न चाहने । अर्को खालका मानिस सहकारीको माध्यमबाट आफ्नो स्वार्थ पूरा गर्न चाहने ।

सदस्य र समुदायको पक्षमा काम गर्न चाहनेले जति जाने, जति सिके त्यसका आधारमा काम गर्दै गए । तिनीहरू पनि कोही कोही अप्ठ्यारोमा परेका छन् । त्यसको कारण सहकारीलाई ठीकसँग नबुझ्नु, सहकारीका मूल्य र सिद्धान्तको ठीक-ठीक र नियमपूर्वक एवम् नियमित प्रयोग गर्न नसक्नु, संस्थाले गरेको व्यवसायको चरित्र र जोखिमलाई राम्ररी नबुझ्नु मुख्य हुन् । सहकारीको मूल्य र सिद्धान्तलाई राम्ररी नबुझेको भए पनि केही इमानदार र सक्षम नेतृत्वका कारण सहकारी र सहकारी व्यवसाय टिकेका छन् । तिनलाई आजको अवस्थामा राम्रा सहकारी भनिन्छ । तर अर्को दश वा बीस वर्षमा ती संस्थामा के हुन्छ भन्न सकिन्न ।

किनकि त्यहाँ संस्थागत विकास र सुशासनको अभ्यास कम छ । सहकारी समाजको बारेमा, सहकारी मूल्य र सिद्धान्तका बारेमा त्यस्ता राम्रा भनिएका सहकारीमा पनि सिक्ने र सिकाउने कुरामा कमी छ । अर्को खालका मानिस त सहकारीमा आफ्नो स्वार्थ पूरा गर्न आए । स्वार्थ पनि खाल-खालका छन् । त्यसमा आफू धनी बन्ने चाहना भएकाहरू र धनी पनि बन्ने र आफ्नो करियर पनि बनाउने चाहना भएकाहरू । धनी मात्रै बन्न चाहनेहरू चुपचाप धन बटुल्ने काममा लागे ।

उनीहरू सहकारीमा जम्मा भएको धन आफ्नो बनाउन लागे । तिनीहरूमध्ये कतिले अभियानमा सम्पर्क नै गरेनन् । नियामक निकायलाई कुस्त खुसी पारे । जे जे गर्नुपर्छ गरे । केहीले अभियानको नेतृत्व हत्याउन र शक्ति आर्जन गर्न जे जे नगर्नुपर्ने हो त्यो सबै गरे । नियामक निकाय र अभियान देखेको नदेख्यै गरिरह्यो । सहकारीका मूल्य, सिद्धान्तका कुरा र सहकारी समाज निर्माण गर्ने विषय न प्रारम्भिक सहकारीमा भेटिन्छ न संघहरूमा । सहकारीको मूल दर्शन, मूल्य र सिद्धान्तको पक्षमा सहकारीका सदस्य, नेतृत्व, सहकारी अभियानका ठूला नेता, नियामक निकाय कसैको ध्यान गएन । ध्यान केवल आ-आफ्नो स्वार्थमा केन्द्रित भयो ।

सहकारी अभियानको छाता संगठन महासंघ र केन्द्रीय निकायमा नेतृत्व गर्नेहरू १५० छन् भनेर मान्ने हो भने तीमध्ये सहकारीको आदर्श, मूल्य, सिद्धान्तलाई आत्मसात् गरेका र त्यस अनुरुप सोच, कार्य, आचरण, व्यवहार भएका कति जना होलान् ? के दश जना भेटिन्छन् ? म त यति संख्या पनि भेट्न मुस्किल छ भन्छु । यी मध्येका केही जेलमा छन्, केहीको भागाभाग छ । धेरैका प्रारम्भिक सहकारी नै छैनन् । धेरै नेताले प्रतिनिधित्व गरेको जिल्ला, विषयगत, प्रदेश र कति केन्द्रीय सहकारी संघको दश-बीस वर्षदेखि साधारणसभा भएको छैन । झोलामा लेटरप्याड बोकेर वर्षौंदेखि उही मानिस प्रतिनिधि र नेता भइरहन्छन् ।

सम्बन्धित पार्टीले सहकारीलाई भोट बैंक बनाउने र कार्यकर्ताको व्यवस्थापन गर्नेभन्दा पर सोच्न सकेनन् । पार्टीका कार्यकर्ता र नेताले सहकारीमा लागेर सहकारी समाज बनाउने कुरा कहिल्यै सोचेनन् र गरेनन् । नियमक निकायको क्षमता यति धेरै सहकारीलाई नियमन गर्न सक्ने छँदैछैन । बरु यो निकायका कतिपय अवस्थामा भएका गलत निर्णयको कारण अहिलेको अवस्था आउनमा सघाउनै पुग्यो । यसको निष्कर्ष के हो भने- नेपाली समाजमा सहकारी अभियानको आवश्यकता छ । यसले जानी नजानी पनि नेपाली समाजमा निकै ठूलो योगदान गरेको छ । यसका उपलब्धिलाई जोगाउँदै सहकारी अभियानलाई पुनर्संरचना गर्न आवश्यक छ । सहकारीको मूल मर्म, आदर्श, मूल्य, सिद्धान्तको अध्ययन र अध्यापन गर्ने गरी संरचना बनाउनुपर्छ ।

सहकारी समाज निर्माण सहकारी अभियानको उद्देश्य हुनुपर्छ । यो उद्देश्य पूरा गर्न मन, वचन र कर्मले लाग्न सक्नेलाई सहकारी अभियन्ता भन्ने गर्नुपर्छ । सहकारी अभियन्ता पालिका-पालिकामा हुनुपर्छ । यस्ता अभियन्ताका लागि सहकारी ज्ञान र आचरण हुन जरूरी छ । यो राज्यले निर्धारण गर्नुपर्छ ।

यस्तो ज्ञान र आचरण भएकाहरूले प्रारम्भिक सहकारीहरूलाई नियमित प्रशिक्षित गर्नेछन् । आवश्यकता अनुसार यस्तै अभियन्ताहरूले सहकारीको नेतृत्व पनि गर्न सक्छन् । सहकारीको नेता बन्न सहकारी ज्ञान र आचरण भएपछि मात्रै योग्य हुने व्यवस्था गर्नुपर्छ । हरेक प्रारम्भिक सहकारीमा सहकारीको मर्म, आदर्श, मूल्य र सिद्धान्त बुझेका व्यक्ति हुनुपर्छ । हरेक सहकारीको लक्ष्य सहकारी समाज निर्माण हुनुपर्छ । सहकारी समाज निर्माणको लक्ष्य बिर्सिएको, हराएको सहकारी अभियानले सहकारीको गन्तव्य भेट्टाउँदैन । अहिलेकै अवस्थाले निरन्तरता पाए अर्को दश-बीस वर्षमा फेरि यस्तै समस्या दोहोरिनेछ । छद्म चरित्र भएकाहरूको जिम्मा र नेतृत्वले सहकारीको गन्तव्य भेट्टाउँदैन ।

*(साभार: अनलाइनखबर)*

# नेपालको पर्यटन : हिजो र आज

✍ अच्युतप्रसाद पौडेल "चिन्तन"

देशले हरेक वर्ष असोज ११ गते पर्यटन दिवस मनाउँछ तर पर्यटन क्षेत्रलाई वृद्धि गर्ने मनसायले खुलेका यहाँका दुई ठूला विमानस्थलहरु खासै सञ्चालनमा आउन सकेका छैनन् । पोखरा र भैरहवामा निर्माण भएका यी नवनिर्मित विमानस्थलका लागि छोटो दूरीको रुट पर्मिट छिमेकीले दिएको छैन । हालै मात्र पनि दिल्लीमा सम्बद्ध दुवै पर्यटनमन्त्रीहरुको भेटघाट भयो, कुराकानी पनि भयो तर आश्वासन मात्रै प्राप्त भएको छ । धेरै पर्यटक आएका छन् यहाँ तर तिनको औसत बसाइ र यहाँ गरिने खर्चमा वृद्धि हुन सकेको छैन । अथवा भनौं नेपालीहरु विदेशिएर उतै गर्ने खर्चमा भने बढोत्तरी भएको छ ।

वास्तवमा पर्यटन, टुरिस्ट, पर्यटक, टुरिजम आदि फ्रेन्च शब्द हो । १९ औं शताब्दीदेखि यो शब्दले प्रश्रय पाएको हो । पर्यटक भनौं वा टुरिस्ट शब्द लेटिन भाषा हो, कुनै काम वा उद्देश्यले मुलुकभित्र वा बाहिर घुम्न जाने व्यक्ति वा समूह भनेको पर्यटक हो । पर्यटक आन्तरिक र बाह्य दुई थरीका हुन्छन् । पर्यटन भन्नु र पर्यटक भन्नु पर्याय हुन् । डब्लु.टी.ओ.को परिभाषामा स्वदेश वा विदेशमा बिदा, बिजनेस वा कुनै मिसनले भ्रमण गर्नेलाई पर्यटक भनिन्छ । समय भने १ देखि सय दिनसम्मको बसाइको उद्देश्य हुन्छ । भ्रमणको क्रम वि.सं. १९०६ मा श्री ३ जंगबहादुर राणाको बेलायत यात्रा, उनका टिममा ५० औं जना यात्रु रहेका र त्यसपछि भारत-नेपाल, बेलायतमा दूतहरुको आदान-प्रदान भएको पाइए पनि वि.सं. २००७ सम्म नेपालले बाह्य क्षेत्रमा ठूलो प्रगति हासिल गरेको देखिँदैन । वि.सं. २००८ मा नेपाल विश्व पर्यटन संघको सदस्य बनेको र वि.सं. २०१४ मा पर्यटन बोर्ड, वि.सं. २०१६ मा पर्यटन निर्देशनालय, वि.सं. २०१८ मा पर्यटन विभाग, वि.सं. २०२८ मा पर्यटन विकास समिति, वि.सं २०३३ मा पर्यटन मन्त्रालय, वि.सं. २०३५ मा पर्यटन ऐन, वि.सं. २०५२ मा पर्यटन नीति आउनुले सांगठनिक स्वरुपको इतिहास तय हुँदै आएको हो ।

मुलुकको चौधौं योजनाको अन्त्यसम्म विदेशी पर्यटक आगमनको संख्या १२ लाख पुर्‍याउने, विदेशी पर्यटकको बसाइ अवधि सरदर १५ दिन पुर्‍याउने, सरदर दैनिक खर्च ६० अमेरिकी डलर पुर्‍याउने लक्ष्य थियो । हिमाली, पहाडी र तराईका भौगोलिक विविधता, समुद्र सतहदेखि ७० मि. मात्रको उचाइ पनि यहीं रहेको र विश्वका दुर्लभ पाटेबाघ, काँडेभ्याकुर, धेरै प्रजातीका चरा, जीवित देवी कुमारी र असंख्य चाडपर्व, जात्राहरुले नेपाल र नेपालीको छुट्टै चिनारी दिएको छ । हालसम्मका योजनाहरुले यसलाई निरन्तरता दिएका छन् तर देशको मौसमलगायत यहाँका पूर्वाधारहरुले विदेशीहरुलाई गिज्याइरहेका छन्, भयंकर दुर्घटना, विपत्ति, हवाई र स्थलमार्गहरुप्रति हाम्रो नेतृत्व बेखबर छ ।

धेरै पर्यटक आउने काठमाडौं एयर पोर्टबाटै हो । यसको पुरानो नाम गौचर मैदान हो, जहाँ गाईवस्तुहरु चराउँथ्यौं हामी, अहिलेको नेतृत्व काठमाडौं पसिसकेको थिएन । सन् १९४९ मा यो हवाई मैदानमा परिणत भयो । अहिले यो सुन तस्करीको केन्द्र र सहकारीका ठेकेदारहरुलाई मलेसिया पठाउन केन्द्रित छ, मात्रै होइन घरगोठ खाली गराएर दैनिक हजारौं युवा निर्यात गर्ने स्थल बनेको छ, युवा रोजगारीको फोस्रो नारा दिने लोकतन्त्रले गत आ.व.मा मात्रै पनि ७ लाख नेपालीलाई निर्यात गरेको छ, यो श्रावणमा मात्रै पनि ६० हजारलाई । तिनले पठाएका रकमले यहाँ चिल्ला गाडी चढ्ने गरेका छन् राजनीतिक कार्यकर्ताहरु, अनि विदेशमा मर्ने नेपालीहरु धेरै आत्महत्याका छन् । सुन्दर देशलाई लोकतन्त्रले कुरुप बनायो भन्दा कुनै अत्युक्ति हुन्न र यहाँको दैनिक खाद्यान्नलाई विदेशीले कोटा तोक्ने गरेका छन्, यहाँ तारे होटलको संख्या बढेको छ तर खासै प्रयोगमा देखिन्न । यहाँ अवतरण भएको पहिलो विमान वीच क्राफ्ट बोनान्जा हो । यहाँबाट उडेको पहिलो विमान सन् १९५० को फेब्रुअरी २०, हिमालय एभिएसनको डकोटा हो, जसले कोलकाताको लागि उडान भऱ्यो । सन् १९५५ मा राजा महेन्द्रले यहाँको औपचारिक उद्घाटन गरे, अहिले विश्व विद्यालय, एकेडेमी, दलको पार्टी प्यालेस भएझैं यो विमानस्थल पनि दलको भर्तीकेन्द्र भएको छ । सन् १९६४ मा यसको नाम त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भयो । सन् १९६७ मा जर्मनीको लुफ्थान्सा एयर लाइन्सको बोइङ ७०७ जेट पहिलो अवतरण भयो यहाँ । सन् १९७२ देखि मात्रै यो विमानस्थल व्यापारिक प्रयोजनमा आयो । यसको कुल यात्रु क्षमता ९२ लाख हो र सन् २०१८ सम्ममा ७२ लाख यात्रुले सेवा लिएको तथ्यांक छ । कोभिडमा यो थला पऱ्यो । पंक्तिकार यो क्षेत्रको भुक्तभोगी हो र पुरानो बानेश्वर भीमसेनगोला हुँदै हालको एयरपोर्टबाट सीधै काँडाघारी निस्केर भक्तपुरको यात्रा तय गरिन्थ्यो । धेरै त पैदल नै । विमानस्थलको नाकैमा अस्ति श्रावणतिर विमान जल्यो, धेरैको रामनाम सत्य भयो । ३४-३५ सालतिर कोटेश्वरको बस्ती उठाइयो । विमानस्थलको क्षेत्र व्यापक भयो र त्यहाँका बासिन्दा नयाँ बस्ती वा हालको कपनतिर विस्थापित भए । हाल देशमा ३ नेपालीसहित अन्य ३ वटा वायु सेवाका कम्पनीहरुले अन्तर्राष्ट्रिय उडान भर्ने गरेका छन् यहाँबाट । आन्तरिकतर्फ दुईतर्फी दैनिक २७० वटासम्म उडानमार्फत १४ हजार बढी यात्रुले सेवा लिँदै छन् । गतवर्षको दशैंदेखि ७३ वर्षको इतिहासमा विमानस्थल पूर्ण क्षमतामा सञ्चालित भनियो, रातमा निद्रा बिगार्ने गरी कराउँछन् जहाजहरु हिजोआज यहाँका ।

पर्यटन विस्तारकै लागि वायु सेवा निगमले विमान किन्ने भन्छ, तर उसलाई अहिले नै ४८ अर्ब बढीको ऋणभार छ । उडान नियमित र भरपर्दो छैन, भाडादर महँगो छ । राजनीतिले यसलाई खोक्रो बनाइसकेको छ । निजी विमान नाफा नआउने भए चल्न मान्दैनन् । एसियाको ढोका भनिएको थाइल्यान्डको थाई एयर र हाम्रो एनए एकैपल्ट आएका हुन् तर थाई एयर संसारभरि चराझैं लगातार उडिरहन्छ । यता भने आइकाओको सुरक्षा सूचीबाट नेपाल हटेको भनिए पनि युरोपेली संघ (इयु)को कालो सूचीबाट हट्न सकेको छैन । वातावरण प्रदूषणमै सहयोगी हुने बारामा अर्को विमानस्थल बनाउन पाइएन भनेर रोइलो गर्दै छन् नेताजीहरु, २४ लाख बढीको रुख नै कटान हुन्छ त्यहाँ एयरपोर्ट बनेमा । विदेशी आयात, स्वदेशी निर्यात, यही गोलचक्करमा फसेको छ हाम्रो लोकतन्त्र । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटनकै क्रममा विमान दूर्घटना भयो । दर्जनौं यात्रुहरुको अवसान भयो । विमानस्थल बन्ने होडबाजी छ । देशैभरि ५३ विमानस्थलमध्ये २० वटा त सञ्चालनमै छैनन् । चलेको विमानस्थलबाट पनि २-४ जना यात्रु लिएर विमान उडेको अवस्था छ । विमानस्थलसम्म पहिले त सडककै पहुँच छैन । विराटनगर विमानस्थलको ४० कि.मि. दूरीमा धरानमा विमानस्थल बनाउने नेताहरुको प्रतिस्पर्धा सुनिन्छ । वाग्लुङलगायत दुर्गममा नियमित उडान छैन । जहाजहरु नचल्दै जीर्ण बन्ने गरेका छन् । रेल ल्याएर घुम्टो ओढाएर राखियो । चल्न थाल्दा घाटामा गएको छ । कन्चनपुर, दीपायलको विमानस्थलमा वस्तु चरेको पंक्तिकारले प्रत्यक्ष देखेकै हो । आन्तरिकमा निजीहरुका १५ बढी विमानहरुले यात्रु ओसारपसार गरे पनि सधैं यात्रु पर्याप्त छैनन् । धनगढी-काठमाडौंको टिकट काठमाडौं दिल्लीभन्दा महँगोमा यात्रा गरेको पंक्तिकारकै अनुभव छ । त्यो पनि भनेको बेला टिकट नपाएर तलबाटै आतेजाते धेरैपल्ट गरिएको हो ।

भैरहवाको कुरा गर्दा वि.सं. २०२३ फागुन १७ गते युवराज वीरेन्द्रले भैरहवा विमानस्थलको उद्घाटन गरे । अढाइ वर्षअघिदेखि यो गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भएको छ । पहिले भारतीय सहयोगमा बनेको हो यो । ०७१ माघमा प्र.म. सुशील कोइरालाबाट उद्घाटित यो विमानस्थल ०७४ पुसमै बनिसक्नुपर्ने थियो तर ०७९ असारमा मात्रै पूरा भयो, ५ वर्षपछि । एडीबीको ऋण सहयोगमा निर्मित यो विमानस्थल चिनियाँ कम्पनी नर्थ वेष्ट सिभिल एभिएसन एयरपोर्ट कन्स्ट्रक्सनबाट बनेको हो । शुरु लगानी अनुमान ६ अर्ब २२ करोड हो, जग्गा मुआब्जामै २३ अर्ब खर्चियो । सम्पन्न हुँदा ८ अर्ब ८२ करोड लाग्यो । यसका वरिपरि धेरै होटलहरु छन् । बजार थापेर बसेका तिनले नै ४० अर्ब बढी खर्चिए रे । समग्रमा त्यस आसपासको ६० अर्ब लगानी डुब्न लाग्यो । विमानस्थल सञ्चालनमा आएन भन्दै गतवर्ष नारा, जुलुस, धर्ना सबैथरी भयो ।

*(साभार: न्यूज अफ नेपाल)*

## राष्ट्र बैंक तथ्यांक :

# बदलियो नेपालीको खर्च प्रवृत्ति



काठमाडौं/नेपालीको जीवनशैली परिवर्तन हुँदा खर्च गर्ने प्रवृत्ति पनि फेरिएको छ । विगतमा घरमा नै खाना खाने नेपालीले अब होटल तथा रेस्टुरेन्टमा गर्ने खर्च बढ्दै गएको छ । नेपाल राष्ट्र बैंकले प्रकाशन गर्दै आएको उपभोक्ता मूल्य सूचकांकको आधार वर्ष परिमार्जनका लागि लिइएको भारअंकले उक्त तथ्य देखाएको हो ।

राष्ट्रिय तथ्यांक कार्यालयले २०७९/८० मा सञ्चालन गरेको नेपाल जीवनस्तर सर्वेक्षण चौथोको नतिजाका आधारमा केन्द्रीय बैंकले उपभोक्ता मूल्य सूचकांकको आधार वर्ष परिवर्तनका लागि आवश्यक भारअंक निर्धारण गरेको थियो ।

नेपाल जीवनस्तर सर्वेक्षणमा नेपालीले आफ्नो आम्दानीबाट एक वर्षमा विभिन्न वस्तु तथा सेवा खरिदमा गर्ने औसत खर्चका आधारमा नयाँ भारअंक तय गरेको हो । राष्ट्र बैंकले आर्थिक वर्ष २०७१/७२ लाई आधार वर्ष मानी उपभोक्ता मूल्य सूचकांक गणना गर्दै आएको थियो । चालु आवबाट भने आधार वर्ष परिमार्जन गरेसँगै उपभोक्ता मूल्य सूचकांकका लागि आवश्यक भारअंक परिमार्जन गरेको हो ।

उपभोक्ता मूल्य सूचकांकका लागि तयार भएको नयाँ भारअंकले नेपालीको खर्च प्रवृत्ति परिमार्जन भएको छ । भारअंक बढेका वस्तु तथा सेवामा नेपालीले गर्ने औसत खर्च अनुपात बढेको र भारअंक घटेका वस्तु तथा सेवामा नेपालीले गर्ने खर्चको औसत अनुपात घटेको बुझाउँछ । नयाँ आधार वर्षका लागि तयार भएको भार अंकले नेपालीको जीवनशैलीमा भएको परिवर्तनसँगै खर्च गर्ने (उपभोग) प्रवृत्तिमा समेत परिवर्तन भएको देखिन्छ ।

खाद्यान्नमा गर्ने औसत खर्च अनुपात घट्दा रेस्टुरेन्ट र आतिथ्य सेवामा गर्ने खर्च अनुपात बढेको छ । खाद्यान्न साथै दाल तथा गेडागुडी, तरकारी, दुग्धजन्य उत्पादन र अन्डा, चिनी र चिनीजन्य उत्पादन, पेय पदार्थमा गर्ने औसत खर्च अनुपात घटेको छ । यस्तै माछा मासु, घिउ र तेल, फलफूल र मसलामा गर्ने औसत खर्च अनुपात बढेको राष्ट्र बैंकले जनाएको छ ।

गैरखाद्य र सेवा समूह अन्तर्गत मदिरा, सुर्तीजन्य पदार्थ, घरायसी सजावट सामग्री तथा घरमा प्रयोग हुने उपकरण, स्वास्थ्य, यातायात, सञ्चार र अन्य वस्तु तथा सेवामा गर्ने खर्चको औसत अनुपात बढेको छ । खाद्यान्न, गेडागुडी र तरकारीको भारअंक घट्दा रेस्टुरेन्ट तथा आतिथ्य सेवाको भारअंक भने वृद्धि देखिएको हो । यसले नेपाली घरमा खाना बनाएर खानेभन्दा पनि होटल तथा रेस्टुरेन्टमा खाना खाने 'ट्रेन्ड' बढ्दै गएको देखिएको छ ।

यस्तै मदिरा र सुर्तीजन्य पदार्थको भारअंकमा पनि वृद्धि देखिएको छ । साथै, लुगा तथा जुत्ता, हाउजिङ तथा युटिलिटी सेवा, शिक्षा, मनोरञ्जन तथा संस्कृतिको भारअंक घटेको छ । त्यही स्वास्थ्य, यातायातको भारअंक बढेको छ । यसले नेपालीको खर्च प्रवृत्तिमा धेरै फरक भएको पाइएको हो ।

राष्ट्र बैंकले मदिराजन्य पेय पदार्थ, सुर्तीजन्य पदार्थ र रेस्टुरेन्ट तथा होटलको खाना उपसमूहलाई खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत राख्ने गरिएकोमा नयाँ सूचकांक तयार गर्दा ती उपसमूहलाई गैरखाद्य तथा सेवा समूहमा राखेको छ ।

यसरी केही वस्तु तथा सेवा समूह परिवर्तन गर्दा र नयाँ भारअंक निर्धारणले सेवा समूहको भार ६४.५१ प्रतिशत कायम भएको छ । खाद्य तथा पेय पदार्थ समूहको जोखिम भार भने ३५.४९ प्रतिशत रहेको केन्द्रयि बैंकले जनाएको छ ।

मूल्य सूचकांक गणनाका लागि भारित वस्तु डालोमा २ सय ४९ वस्तु तथा सेवा समूह अन्तर्गत ५ सय २५ वस्तु तथा सेवाको मूल्य संकलन गरिएको छ । यसअघि ४ सय ९६ वस्तु तथा सेवाको मूल्य संकलन हुँदै आएको थियो ।

तीमध्ये साप्ताहिक ५९ वस्तु तथा सेवा, मासिक ९४ वस्तु तथा सेवा र त्रैमासिक रूपमा ३ सय ७२ वस्तु तथा सेवाको मूल्य संकलन हुनेछ ।

यसअघि ५० जिल्लाको बजारबाट मात्रै मूल्य संकलन गर्दै आएको केन्द्रीय बैंकले अबका लागि ७७ वटै जिल्ला समावेश हुने गरी ८७ बजार केन्द्रबाट मूल्य संकलन सुरु गरेको छ । जसमध्ये तराई क्षेत्रबाट २८, पहाडी क्षेत्र ४३ र हिमाली क्षेत्रका १६ बजार केन्द्र छन् । जसमध्ये २१ ग्रामीण तथा ६६ सहरी बजार केन्द्र छन् । प्रदेशगत रूपमा यी बजार केन्द्र कोसी प्रदेशमा १५, मधेश १२, बागमती १६, गण्डकी ११, लुम्बिनी १३, कर्णाली १० र सुदूरपश्चिम प्रदेशमा १० छन् ।

बुधबार आधार वर्ष परिवर्तनको जानकारी दिन राष्ट्र बैंकले गरेको पत्रकार सम्मेलनमा उपभोक्ताको उपभोग प्रवृत्तिका आधारमा वस्तु डालो र भारअंक पनि परिमार्जन गरिएकाले मूल्यवृद्धि तथ्यांक वास्तविक नजिक हुने राष्ट्र बैंक गभर्नर महाप्रसाद अधिकारीले बताएका थिए ।

राष्ट्र बैंकले प्रकाशन गर्ने मूल्यवृद्धिको तथ्यांक बजार मूल्यवृद्धिभन्दा फरक आउँछ भन्ने जनगुनासोलाई नयाँ गणना विधिले धेरै हदसम्म सम्बोधन गर्ने उनको तर्क थियो ।

नयाँ उपभोक्ता मूल्य सूचकांकका आधारमा राष्ट्र बैंकले बिहीबार मुद्रास्फीति तथ्यांक प्रकाशित गरेको छ । जसमा साउन २०८१ मा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ४.१० प्रतिशत रहेको छ । २०८०/८१ साउनमा यस्तो मुद्रास्फीति ७.५२ प्रतिशत रहेकोमा चालु आवमा मूल्यवृद्धि दर घटेको छ ।

प्रदेशगत रूपमा समीक्षा महिनामा कोसी प्रदेशको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ४।६१ प्रतिशत, मधेश ४.१७, बागमती ३.४९, गण्डकी ३.९०, लुम्बिनी ३.८१, कर्णाली ३.४६ र सुदूरपश्चिम प्रदेशको ६.६९ प्रतिशत छ ।

नयाँ आधार वर्षका आधारमा गणना भएको उपभोक्ता मूल्य सूचकांकले पनि मूल्यवृद्धिमा दबाब नरेको देखाउँछ । साउनमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ६.१७ प्रतिशत र गैर खाद्य तथा सेवा समूहको मुद्रास्फीति २.९४ प्रतिशत छ । यसले दैनिक उपभोग्य वस्तुमा मूल्यवृद्धि उच्च रहेको देखाउँछ ।

खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत तरकारीको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक १९.०७ प्रतिशत, दाल तथा गेडागुडी १२.०९, खाद्य तथा खाद्यजन्य पदार्थ ९.१५ र दुग्ध पदार्थ तथा अन्डाको ३.६६ प्रतिशतले बढेको छ । मरमसला उपसमूहको वार्षिक बिन्दुगत मूल्य सूचकांक २.७५ प्रतिशतले घटेको छ ।

गैरखाद्य तथा सेवा समूह अन्तर्गत विविध वस्तु तथा सेवा उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ७.९४ प्रतिशत, मदिराजन्य पेय पदार्थ ५.३८, कपडाजन्य तथा जुत्ताचप्पल ४.५८ र सुर्तीजन्य पदार्थको ३.५२ प्रतिशतले बढेको छ ।

साउनमा ग्रामीण क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ४.२८ प्रतिशतले बढेको छ । सहरी क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ४.०३ प्रतिशतले बढेको छ । यसले सहरीभन्दा ग्रामीण क्षेत्रमा महँगी बढी रहेको देखाउँछ ।

### एक महिनामा करिब सर्वा अर्बको आईटी सेवा निर्यात

सरकारले सूचना प्रविधि (आईटी) र टेलिकम्युनिकेसन सेवा निर्यातबाट एक महिनामा ८३ करोड २७ लाख रुपैयाँ खुद विदेशी मुद्रा आर्जन गरेको छ । साउनमा १ अर्ब १४ करोड ४८ लाख बराबर आईटी सेवा निर्यात हुँदा ३१ करोड २१ लाख बराबर आयात भएको छ ।

### वैदेशिक भ्रमण र अध्ययन खर्च बढ्दा सेवा खाता घाटा बढ्यो

चालु आर्थिक वर्ष सुरुवातबाट नै वैदेशिक अध्ययन र भ्रमण खर्च उच्च दरमा वृद्धि भएको छ । आईटी सेवा निर्यातबाट खुद नाफामा भएको र भ्रमण आयसमेत वृद्धि हुँदा पनि खुद सेवा खाता घाटामा देखिएको छ ।

साउनमा खुद सेवा आय १५ अर्ब २६ करोडले घाटामा रहेको नेपाल राष्ट्र बैंकले जनाएको छ । गत आव साउनमा यस्तो घाटा ११ अर्ब २५ करोड थियो ।

सेवा खाता अन्तर्गत ८.१ प्रतिशतले वृद्धि भई ४ अर्ब ७६ करोड पुगेको छ । तर, भ्रमण व्यय ३०.४ प्रतिशतले वृद्धि भई २२ अर्ब ५० करोड पुगेको हो । यसमध्ये शिक्षातर्फको व्यय १४ अर्ब ९२ करोड छ । अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय १७ अर्ब २६ करोड रहेकोमा शिक्षातर्फको व्यय १० अर्ब ७५ करोड थियो । शिक्षासँगै अन्य भ्रमण खर्चसमेत वृद्धि हुँदा खुद सेवा खाता घाटामा गएको हो ।

### रेमिट्यान्समा उच्च वृद्धि र आयात नबढ्दा विदेशी विनियम सञ्चिति लगातार बढ्दो

आयातमा हुन नसकेको सुधार, एकल अंकको ब्याजदरमा पनि अपेक्षाकृत बढ्न नसकेको कर्जाले अर्थतन्त्रमा सुधारको अवस्था देखिँदैन । अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैंकजस्ता निकायले अर्थतन्त्रमा सुधारका आधार देखिएको भन्दै सोही अनुसारको आर्थिक वृद्धि अनुमान सार्वजनिक गरिरहेका छन् ।

तर, केन्द्रीय बैंकले प्रकाशित गरेको तथ्यांकले भने त्यस्तो संकेत गरेको देखिँदैन । आयातमा आधारित अर्थतन्त्रमा आयात र निर्यात व्यापार दुवै संकुचित छ । चालु आव साउनमा गत वर्षको तुलनामा संकुचित आयात चाडपर्व नजिक आउँदै गर्दा भदौमा भने सामान्य सुधार भएको छ । तर, निर्यातमा कमी देखिन्छ ।

खर्च गर्ने र अर्थतन्त्र चलायमान बनाउने युवा विदेश जाँदा आन्तरिक अर्थतन्त्रमा माग सिर्जना हुन नसकेर शिथिल छ । तर, उनीहरूले पठाएको रेमिट्यान्सले वाह्य क्षेत्र दबाबमुक्त मात्रै छैन, सुविधाजनक अवस्थामा छ ।

यसले ठूला पुर्वाधार निर्माण र लगानीका लागि आधार सिर्जना गरे पनि निजी क्षेत्र लगानीका लागि विश्वस्त हुन नसकेको बैंकिङ क्षेत्रको कर्जा विस्तार तथ्यांकले देखाउँछ । वित्त नीतिमार्फत अर्थतन्त्र चलायनमान बनाउने नीतिगत पहल हुन सकेको छैन भने मौद्रिक नीतिमार्फत गरेको प्रयास पर्याप्त हुन सकेको देखिँदैन ।

केन्द्रीय बैंकले प्रकाशित गरेको चालु आव तथ्यांकले पनि सोही संकेत गर्छ । राजस्वमा समान्य सुधार भए पनि पूँजीगत, मध्यवर्ती र उपभोग्य वस्तु आयातमा हुन नसेको वृद्धिले मागमा संकुचनकै अवस्था देखाउँछ ।

साउनको आयात तथ्यांक हेर्दा पनि वस्तुगत आधारमा रासायनिक मल, यातायात उपकरण, सवारीसाधन तथा अन्य सवारी साधनका स्पेयर पार्ट्स, अन्य मेसिनरी तथा पार्टपुर्जा, तयारी पोसाक, खाने तेल लगायत वस्तुको आयात बढेको छ ।

हवाईजहाजका स्पेयर पार्टपुर्जा, हट रोल्ड शिट इन क्वाइल, एमएस तार, छड, बार तथा क्वाइल, एमएस बिलेट लगायत वस्तु आयात निर्माण सामग्री, उद्योगको कच्चा पदार्थ आयात नै घटेको छ ।

रेमिट्यान्समा उच्च वृद्धिले गर्दा चालु खाता र शोधनान्तर स्थिति दुवै उल्लेख्य बचतमा छन् भने विदेशी विनिमय सञ्चिति ऐतिहासिक बिन्दुमा पुगेको छ । दुई वर्षदेखि निरन्तर घटेको आयात र बढेको रेमिट्यान्सका साथै आईटी निर्यातले साथ दिँदा शोधनान्तर बचत उल्लेख्य देखिन्छ ।

विदेशी विनियम सञ्चिति पनि निरन्तर बढेको छ । तर, आन्तरिक लगानी मात्रै नभई प्रत्यक्ष वैदेशिक लगानी समेत घटेको छ । चालु आव साउनमा पनि १८ प्रतिशत बढेर रेमिट्यान्स १ खर्ब ३६ अर्ब ९३ करोड पुगेको छ ।

साउनमा शोधनान्तर बचत ४० अर्ब ९० करोड र चालु खाता ३० अर्ब ८९ करोड छ । तत्काल उच्च दरमा आयात बढ्न वा रेमिट्यान्समा उच्च गिरावट नभएको अवस्थामा चालु खाता र शोधनान्तर स्थितिमा दबाब परि हाल्ने अवस्था देखिँदैन ।

आयातभन्दा रेमिट्यान्स धेरै छ । रेमिट्यान्समा उच्च वृद्धि र आयात नबढ्दा विदेशी विनिमय सञ्चित एक महिनामै २.५ प्रतिशतले बढेर २० खर्ब ९२ अर्ब २२ करोड पुगेको छ । साउनको आयात आधार मान्दा उक्त सञ्चितिले १३.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने केन्द्रीय बैंकले जनाएको छ ।

### घट्यो ब्याजदर, बढेन कर्जा

कोभिडपछिको समयमा कर्जाको ब्याजदर निरन्तर बढेर माघ र फागुन २०७९ मा कर्जाको भारित औसत ब्याजदर १३.०३ प्रतिशतसम्म पुगेको थियो ।

त्यसयता घट्दै गएको कर्जाको ब्याजदर एकल अंकमा आएको छ । साउन २०८१ मा वाणिज्य बैंकहरूको कर्जाको भारित औसत ब्याजदर ९.६८ प्रतिशतमा आएको छ । तर, निजी क्षेत्रमा कर्जाको माग भने बढ्न सकेको छैन ।

साउन २०८१ मा वार्षिक बिन्दुगत आधारमा निजी क्षेत्रमा प्रवाह हुने कर्जा ६.२ प्रतिशत मात्रै बढेको छ । जबकि, गत आवमा मौद्रिक नीतिको लक्ष्य ११.५ प्रतिशत र चालु आवमा १२ प्रतिशत छ । तर, कर्जा भने लक्ष्यको आधा मात्रै विस्तार भइरहेको छ । वार्षिक बिन्दुगत आधारमा निक्षेप भने १४.९ प्रतिशत बढेको छ ।

*(स्रोत: अनलाइनखबर)*

## 'सानो संसार' प्रिमियर :

# 'अर्गानिक र नेचुरल फिल्म'



काठमाडौं/मध्यम वर्गीय परिवारको कथामा बनेको फिल्म 'सानो संसार' यही शुक्रबार (असोज ११ गते)बाट प्रदर्शनमा आउने तयारीमा छ । प्रदर्शनको पूर्वसन्ध्यामा बुधबार कमलपोखरीस्थित बिग मुभिजमा प्रिमियर राखिएको थियो, जहाँ उपस्थित अतिथिहरुले फिल्मको कथावस्तुदेखि कलाकारहरुको अभिनयको खुलेर प्रशंसा गरे । फिल्मले हँसाउने र रुवाउने दुवै गराएको प्राय:को प्रतिक्रिया थियो ।

चलचित्र विकास बोर्डका अध्यक्ष तथा निर्देशक दिनेश डिसी पोस्टर मात्र हेर्दा फिल्म हेर्न खासै उत्साहित भएका रहेनछन् । तर, फिल्म हेरेपछि उनी 'सरप्राइज' भए । उनले प्रिमियरमा सञ्चारकर्मीसँग भने, 'फिल्म एकदमै राम्रो छ । पोस्टर हेर्दा चाहिँ फिल्म हेर्न म उत्साहित थिइनँ । तर, जब फिल्म हेरेँ, तब मेरो ध्यान तान्यो । पाँचजना अब्बल कलाकार नेपाली फिल्म क्षेत्रले पाएको छ ।'

अभिनेता जितु नेपालले 'सानो संसार' सोचेकोभन्दा राम्रो बनेको बताए । नयाँ कलाकारलाई लिएर राम्रो फिल्म बनाएकोमा उनले निर्देशकलाई 'सलुट' नै गरे । 'वास्तवमा अर्गानिक फिल्म चाहिँ यो हो । पछिल्लो समय यति अर्गानिक र नेचुरल फिल्म बनेको छैन,' उनले भने, 'मलाई यो फिल्मले 'लुट'ले जसरी ट्रेन्ड परिवर्तन गर्न सक्छ जस्तो लाग्छ । यसलाई म वास्तविक नेपाली फिल्म मान्छु ।'

निर्देशक ज्ञानेन्द्र देउजाले 'सानो संसार'लाई सान्दर्भिक, सार्थक र यथार्थपरक फिल्मको संज्ञा दिए । 'यसको विषयवस्तु अर्गानिक छ । सहरमा बस्ने मध्यम वर्गीय परिवारको कथालाई फिल्मले मनछुने गरी देखाएको छ । कलाकारहरुको काम एकदमै राम्रो छ । निर्देशक (सिद्धार्थ पुडासैनी)ले पनि उत्कृष्ट काम गर्नुभएको छ । हामीजस्ता निर्देशकले उहाँबाट सिक्नुपर्छ,' उनले भने ।

अभिनेता विल्सन विक्रम राईले 'सानो संसार' नेपाली फिल्म उद्योगको 'मास्टरपिस' बन्न सक्ने दाबी गरे । 'यो फिल्ममा हिरो-हिरोइन कोही छैन । तर, यसको कथा नै हिरो हो । यसको निर्देशक नै हिरो हो । र, यसको हरेक पात्र र दृश्य हिरो हो । यो फिल्मले सानो क्यानभासमा ठूलो कथा बोकेको छ,' उनी फिल्म हेर्दा रोएका पनि रहेछन् । उनलाई हरेक नेपालीले यो फिल्म हेर्नुपर्छ भन्ने लाग्छ ।

गायक तथा अभिनेता यमन श्रेष्ठ भने कलाकारहरुको अभिनयबाट प्रभावित भएछन् । 'कोही पनि कलाकारले अभिनय गरेको जस्तै लाग्दैन । कतै टाढाबाट कुनै एउटा घरभित्रको घटना हेरिरहेको महसुस हुन्छ । एकदमै मन छोयो,' उनले भने । अभिनेत्री लुनिभा तुलाधरले फिल्मको कथामा आफूलाई महसुस गरेको बताइन् । उनले कलाकारहरुको अभिनयको पनि खुलेर प्रशंसा गरिन् ।

प्रिमियरमा तारिफको वर्षा भएपछि फिल्मका निर्देशक, कलाकार र निर्माताको अनुहारमा खुसीको चमक देखिएको थियो । यही फिल्मबाट डेब्यु गरेकी अभिनेत्री सीतादेवी तिमल्सेना (कलाकार केदार घिमिरेकी श्रीमती)ले सबैले तारिफ गर्दा आफूलाई सपनाजस्तो लागिरहेको बताइन् । उनी आफैं पनि फिल्म हेर्दा भावुक भएकी रहेछिन् ।

फिल्मका निर्माता अर्जुन कुमारले प्रिमियरको प्रतिक्रियाले उत्साह मिलेको बताए । 'मैले जुन उद्देश्यका साथ फिल्म बनाएको थिएँ, प्रिमियरमा प्राप्त प्रतिक्रियाले त्यो उद्देश्य पूरा भएको महसुस गरेको छु,' उनी भन्छन्, 'यो 'फिल गुड' फिल्म हो । यसलाई महसुस गर्नुपर्छ । मलाई के विश्वास छ भने फिल्म हेर्न एकजना मात्रै पनि दर्शक आउनुभयो भने उहाँले पाँचजनालाई 'रिकमेन्ड' गर्नुहुन्छ ।'

सिद्धार्थ पुडासैनीको निर्देशनमा बनेको 'सानो संसार'मा सीतादेवीसहित अनु दाहाल, राज पंगेनी शर्मा, अन्जसा रिजाल, सरिता भण्डारी, जीवन गौतम, शिशिर सिवाकोटी लगायतको अभिनय छ । फिल्मको कार्यकारी निर्मातामा माधव वाग्ले छन् । फिल्ममा सरिष्मा खत्री र निर्देशक पुडासैनीको लेखन छ । यसमा प्रवीन खड्काको छायांकन तथा रोमी मोसेस तन्डुकारको सम्पादन छ ।

*(स्रोत: फिल्मीखबर)*


सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

ADMISSION OPEN -2081
Narayani College /TMMSS
Scholarship Up to 100%
Terms & conditions Apply
BBS BACHELOR OF BUSINESS STUDIES
Affiliated with Tribhuvan University (TU)
✓ Experienced Faculty
✓ Wide Study Rooms
✓ Extracurricular Activities
✓ Seminar and Conference

Quick Contact :
Tel: 057-522136 , 9855071876
9855087028, 9849010803
Hetauda-10, Bhutandevi Road
FOLLOW US ON

ड्राइभिङ सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरु:
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपुर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ प्रशिक्षण केन्द्र
हेटौडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७०४१५, ९८१७०२८६१४, ९८४५०२७०५७

# म्याराथनमा सहभागी हुने खेलाडीको बिदाई

साझाकुरा संवाददाता

हेटौंडा, १० असोज/ हेटौंडा उपमहानगरपालिकाको प्रतिनिधित्व गर्दै काठमाडौंमा हुने म्याराथन प्रतियोगितामा सहभागी हुने खेलाडीलाई बिदाई गरिएको छ ।

असोज १२ गते काठमाडौंमा १६ औं एनआरएस स्पोट्स फाउण्डेसनको अयोजनामा हुने राष्ट्रिय म्याराथन सहभागी हुने २० जना खेलाडीलाई हेटौंडा उपमहानगरपालिकाले बिदाई गरेको हो । बिहीवार कार्यालयमा आयोजित बिदाई कार्यक्रममा नगरप्रमुख मीनाकुमारी लामा र उपप्रमुख राजेश बानियाँले खादा लगाउँदै बिजयी हुन शुभकामना दिएका थिए ।



उपमहानगरका बिभिन्न विद्यालयमा अध्ययन गर्ने विद्यार्थी मध्येबाट २० जनालाई प्रतियोगितामा प्रतिश्पर्धा गर्नका लागि छनोट गरेको एथ्लेटिक्स संघ मकवानपुरका सचिव राजाराम पोखरेलले जानकारी दिए । बिभिन्न विद्यालयमा अध्ययन गर्ने ४५ विद्यार्थीमध्ये छनोटमा परेकालाई हेटौंडामा तीन महिना क्लोजक्याम्पमा राखेर प्रशिक्षण दिएपश्चात प्रतियोगितामा सहभागी हुनका लागि पठाउन लागिएको हो ।

प्रतियोगितामा सहभागी हुने खेलाडीले हेटौंडा उपमहानगर पालिकाको प्रतिनिधित्व गर्नेछन् । बिदाई कार्यक्रममा हेटौंडा उपमहानगरपालिका बिज्ञसल्लाहकार कृष्णप्रसाद धिताल, नगर खेलकुद विकास समितिका अध्यक्ष रबिन्द्र घिमिरे, सदस्य बिजय गौतमको उपस्थिति रहेको थियो ।

हेटौंडाबाट प्रतियोगितामा सहभागिता जनाउँनका लागि गएका खेलाडीले ३ किलोमिटर र ५ किलोमिटर दौडमा प्रतिश्पर्धा गर्नेछन् । सहभागि हुने खेलाडी हेटौंडाका बिभिन्न विद्यालयमा अध्ययनरत रहेका छन् ।

# मकवानपुरका युवक जर्वजस्ती करणी मुद्दामा दुबईबाट पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, १० असोज/ ठगी र जबर्जस्ती करणीसम्बन्धी मुद्दामा इन्टरपोलबाट रेडकर्नर नोटिस जारी भएका मकवानपुरका एक युवकसहित ३ जना नेपाली नागरिक दुबईबाट पक्राउ परेका छन् ।

इन्टरपोलबाट रेडकर्नर नोटिस जारी भएपछि जबर्जस्ती करणी मुद्दामा फरार रहेका मकवानपुर इन्द्रसरोवर गाउँपालिका-५ (हाल काठमाडौं चन्द्रागिरी नगर पालिका-१० बस्ने) का २६ वर्षीय रोमन कार्की पनि पक्राउ परेका छन् । पक्राउ पर्नेहरुमा ठगी मुद्दामा फरार रहेका पाँचथर मिक्लाजुङ गाउँपालिका-४ का ४२ वर्षीय भुपेन्द्र बोहरा र काठमाडौं नागार्जुन नगर पालिका-९ बस्ने २८ वर्षीय रियाज भन्ने कबिर बुढाथोकी रहेका छन् ।

पक्राउ परेकामध्ये भुपेन्द्र बोहरालाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोको अनुरोधमा अन्तर्राष्ट्रियस्तरमा खोजतलास एवम् पक्राउ गर्न इन्टरपोल महासचिवालयले १६ जेठ २०७९ मा रेड नोटिस जारी भएको थियो । यस्तै काठमाडौं उपत्यका प्रहरी कार्यालय अपराध अनुसन्धान शाखा रानीपोखरीको अनुरोधमा इन्टरपोल महासचिवालयले २४ साउन २०७९ मा कबिर बुढाथोकी र १२ असार २०८१ मा रोमन कार्कीविरुद्ध रेड नोटिस जारी भएको थियो ।

भुपेन्द्रलाई केन्द्रीय अनुसन्धान ब्यूरोमा तथा कबिर र रोमनलाई जिल्ला प्रहरी परिसर काठमाडौंमा बुझाइएको प्रहरी प्रधान कार्यालयको इन्टरपोल शाखाले जनाएको छ ।

# थारु महिलाको पर्व जितियाको समापन

साझाकुरा संवाददाता

हेटौंडा, १० असोज/ थारु महिलाको महान पर्व जितियाको समापन गरिएको छ । तीन दिनदेखि उपबास बसेका उनीहरुले बिहीबार हेटौंडाको फरेष्ट्री क्याम्पसमा औपचारीक कार्यक्रम गर्दै १५ औं जितिया समापन गरेका हुन् ।

थारु महिलासभाको आयोजनामा भएको जितिया समापनको हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले उद्घाटन गरेकी हुन् । नगरप्रमुख लामाले बिभिन्न जातजातिको बसोबास रहेको हेटौंडा उपमहानगरपालिकामा कला र संस्कृतिको जगेर्नाका लागि नगरले काम गरिरहेको बताइन् । भूमिपुत्रको रुपमा मानिने थारु समुदायको संस्कृतिको जगेर्ना गर्न उपमहानगरले भूमिका खेलिरहेको भन्दै अब महिलाहरु आर्थिकरुपमा सबल बन्न जरुरी रहेको बताइन् ।

नगरप्रमुख लामाले थारु महिलामा रहेको सीपलाई आर्थिक रुपमा अघि ल्याउन जरुरी रहेको औंल्याइन् । उनले आयआर्जनमा जोडिएर अघि बढ्न सके आफ्नै खुट्टामा उभिने वातावरण तयार हुने बताइन् । महिलाले उत्पादन गरेको सामग्रीलाई बजारीकरण गर्न उपमहानगरले कोशेली घर सञ्चालन गरिरहेको भन्दै सीपमा जोडिन सुझाव दिइन् ।

थारु महिला कल्याणकारी सभा मकवानपुरका अध्यक्ष भगवती चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा सभाकी केन्द्रीय सदस्य जानकी चौधरी, थारु कल्याणकारी सभा मकवानपुरका अध्यक्ष सचिदानन्द चौधरी, सल्लाहकार हरि लाल चौधरी, थारु विद्यार्थीसभाका सदस्य दीपिका चौधरीलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । संस्कृति, भाषा जगेर्नाका लागि थारु बिवाहित महिलाले जितिया पर्व मनाउर्दै आएका छन् ।

## मोटरसाइकल हराएको सूचना

मिति २०८१ भदौ ३० गते हेटौंडा-५ ढुङ्गेधारा स्थित घर अगाडि पार्किङ्ग गरी राखेको अवस्थाबाट बेलुका अं. १३:४७ बजे मेरो निम्न व्यहोराको मोटरसाइकलहराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बर:** बा प्र-०२-०४९ प ९२८२
**मोटरसाइकल धनीको नाम:** हुलास फिन सर्भ हायरपर्चेजिङ लि.
**ऋणी :** भिमसेन गजुरेल, तारकेश्वर न.पा.-११, नेपालटार, काठमाडौं
**मोठसाइकलको ब्राण्ड (नाम):** बजाज पल्सर, १५० सीसी
**मोटरसाइकलको रंग:** रातो/कालो/
**चेचिस नम्बर:** MD2A11CXCRPA54078
**इन्जिन नम्बर:** DHXPRM04522
**सम्पर्क फोन नम्बर:** ९८५११५९९२५

## २६ औं वार्षिक साधारण सभासम्बन्धी सूचना

यस बहुउदेश्यीय सहकारी संस्थाको २६ औं साधारण सभा निम्न मिति, समय र स्थानमा हुन गईरहेको ब्यहोरोको सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई पत्रद्वारा जानकारी गराई सकिएको छ, यदी पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानेर साधारण सभामा अनिवार्य उपस्थितिको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

**कार्यक्रम** :
मिति : २०८१/०७/१० गते शनिबार
समय : ११:०० बजे
स्थान : हेटौडा-२, पल्पसा प्याराडाइज होम

**छलफलका बिषयहरु** :
१. अध्यक्ष ज्युको प्रतिवेदन सम्बन्धमा ।
२. वार्षिक प्रगति तथा नीति कार्यक्रमसहितको सचिब ज्युको प्रतिवेदन सम्बन्धमा ।
३. कोषाध्यक्ष ज्यूबाट आ.ब.२०८०/२०८१ को प्रतिवेदन एवम् भावी नीति तथा कार्यक्रम सम्बन्धमा ।
४. आ.व.०८०/०८१ को वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
५. आन्तरिक लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
६. आ.व.२०८१/०८२ को लागि लेखा परीक्षक नियुक्ति र पारि श्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७. संचालक समिति एवम् लेखा समितिको पदपूर्ति सम्बन्धमा।
८. शेयर लाभांश एवं संरक्षित पुंजी कोष फिर्ता वितरण सम्बन्धमा ।
९. संस्थाको आवश्यकताअनुसार घर/घडेरी खरिद एवम् बिक्री सम्बन्धमा ।
१०. २०८०/०८१ को शेयर लाभांश बाँडफाँड सम्बन्धमा ।
११. बिबिध ।

**नोट**: २०८० सालको एसइइ (SEE) मा उत्कृष्ट अंक ल्याउने सदस्यका छोराछोरीहरुलाई पुरस्कृत गरिने हुँदा मिति २०८१/०६/३० गते भित्र संस्थामा आफ्नो प्रमाणपत्रहरु पेश गर्न हुन जानकारी गराइन्छ । साथै साधारण सभामा सदस्य स्वयम् उपस्थित भएमा यातायात खर्च बापत संस्थाबाट उत्पादित शुद्ध तोरीको तेल प्रतिसदस्य २ लिटर प्रदान गरिनेछ ।

इश्वर पण्डित (सचिव)
**दिव्य तारा बहुउद्देश्यीय सहकारी संस्था लि.**
हेटौंडा-२, पल्पसारोड
फोन नं. ०५७-५२४९१६, ५२५९१७


## सूचना ! सूचना !! सूचना !!!

*अब किन जानु पर्‍यो विदेश ?*

हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्

७०% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको **TATA SUMO** बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्
**Singhababini Moto Corp Pvt. Ltd.**
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५


## बागमती प्रदेश सरकार
## भौतिक पूर्वाधार विकास मन्त्रालय
### हेटौंडा, मकवानपुर

## मनहरी गाउँपालिका वडा नं ५ र ९ जोड्ने राप्ती खोलामा रजैया-दरदरा मोटरेबल पुल (२५६ मि.) निर्माणको प्रारम्भिक वातावरणीय परीक्षण तयारी सम्बन्धी सार्वजनिक सूचना !

(प्रकाशित मिति: २०८१/०६/१०)

बागमती प्रदेश, मकवानपुर जिल्ला, मनहरी गाउँपालिकामा पूर्वाधार विकास कार्यालय, भरतपुर, चितवनद्वारा देहाय बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | | |
|---|---|---|
| प्रस्तावकको नाम र ठेगाना | पूर्वाधार विकास कार्यालय, भरतपुर, चितवन<br>ईमेल: idochitwan@bagamati.gov.np; फोन नं.: ०५६५२७८२० | |
| प्रस्तावको व्यहोरा | मनहरी गाउँपालिका वडा नं. ५ र ९ जोड्ने राप्ती खोलामा रजैया-दरदरा मोटरेबल पुल (२५६ मि.) निर्माण कार्य<br>पूलले जोड्ने सडक: रजैया भएर डिल्लीपुर-हेटौंडा जोडिने (स्थानीय सडक) | |
| | पुलको कुल लम्बाई/चौडाई: २५६ मि./८.४ मि. | Span arrangement: ६x४० मि., Carriageway: ६ मि. Kerb: १.२ मि. (१ मि. फुटपाथ सहित) |
| प्रभाव पर्न सक्ने जिल्ला/गा.पा. | मकवानपुर जिल्ला, मनहरी गाउँपालिका वडा नं ५ र ९ | |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक तथा भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न मनहरी गाउँपालिका, ५ र ९ वडा समिति, विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले पन्ध्र दिन भित्र तल उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना**:

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | पूर्वाधार विकास कार्यालय, भरतपुर, चितवन<br>ईमेल: chitwalido@gmail.com; फोन नं.: ०५६५२७८२० |
| परामर्शदाताको नाम र ठेगाना | हिमालयन रिसर्च फोरम नेपाल प्रा. लि. : काठमाडौं-३०, मैतिदेवी<br>ईमेल: hrfn219@gmail.com; फोन नं:+९७७-९८४१६८४४१३ |

## नेपालको संबिधानका मुख्य विशेषताहरु

- जननिर्वाचित संबिधानसभाबाट जारी भएको पहिलो संविधान,
- सार्वभौमसत्ता एवम् राजकीय सत्ता नेपाली जनतामा निहित,
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन ब्यवस्था,
- संसदीय शासन प्रणाली, स्वतन्त्र न्यायपालिका,
- धर्मनिरपेक्षता तथा समावेशीकरणाको सिद्धान्तलाई आत्मसात,
- आवधिक, प्रत्यक्ष र समानुपातिकसहितको मिश्रित निर्वाचन प्रणाली,
- मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- संबिधानवाद एवम् लोकतान्त्रिक मुल्य मान्यतामा आधारित ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## १५ औं वार्षिक साधारण सभासम्बन्धी सूचना

यस सहकारी संस्थाको मिति २०८१/०५/०६ गते बसेको संचालक समितिको बैठकको निर्णयअनुसार १५ औं साधारण सभा निम्न मिति, समय र स्थानमा हुन गईरहेको ब्यहोरोको सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई पत्रद्वारा जानकारी गराई सकिएको छ, कारणबस पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानेर साधारण सभामा अनिवार्य उपस्थितिको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

**कार्यक्रम** :
मिति : २०८१ असोज १२ गते शनिबार
समय : बिहान १० बजेदेखि दिउँसो ३ बजे सम्म
स्थान : दर्शन पार्टी प्यालेस, टि.सि.एन. रोड, हेटौंडा-१०

**साधारण सभामा छलफलका बिषयहरु** :
१. संचालक समितिको अध्यक्ष ज्यूको प्रतिवेदन सम्बन्धमा ।
२. संचालक समितिको सचिव ज्यूको प्रतिवेदन सम्बन्धमा ।
३. संचालक समितिको ऋण समितिको प्रतिवेदन सम्बन्धमा ।
४. संचालक समितिको लेखा समितिको प्रतिवेदन सम्बन्धमा ।
५. संचालक समितिको कोषाध्यक्ष ज्यूको अनुमानीत बजेट एवम् आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन सम्बन्धमा ।
६. आ.व. २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
७. आ.व. २०८१/०८२ को लेखापरीक्षक नियुक्ति र पारिश्रमिक सम्बन्धमा ।
८. भेलाको निर्णय माइन्युट प्रमाणित गर्न नाम छनौट अनुमोदन सम्बन्धमा ।

शिव कुमार श्रेष्ठ (सचिव)
**श्री सशक्त बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा, मकवानपुर

## हार्दिक बधाई तथा शुभकामना



यस संघका महासचिव **राजेन्द्रप्रसाद चौलागाई**ज्यु बागमती प्रदेश निर्माण व्यवसायी महासंघको चौथो साधारणसभा एवम् दोस्रो अधिवेशनबाट निर्विरोध सदस्य पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**बालगोपाल कँडेल (अध्यक्ष) एवम्**
**निर्माण व्यवसायी संघ मकवानपुर, परिवार**


## असोज ७ गतेबाट तपाईंको सेवामा

DFSK EC 36

" हाम्रो सुमो सेवाको नौलो प्रस्तुती "



**हाम्रो ई.भी. सेवा**

हेटौंडा-कुलेखानी-फाखेल-काठमाण्डौं-हेटौंडा-ठिङ्गन-सातदोबाटो

काठमाण्डौं काउन्टर:-०१-५४०४४४४, ९८५५०७८४७८ हेटौंडा काउन्टर:- ०५७-५२१४२१, ९८५५०७८३७८
सानेपा पुरानो स्टार हस्पिटलसँगै बल्खु पुलपारी
मुख्य कार्यालय, हेटौंडा :-०५७-५९१०४०
पुरानो मकवानपुररोड

सुरक्षित एवं भरपर्दो यात्राको लागि हाम्रो ई.भी. सेवालाई सम्झनुहोस ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना